स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



केकी अधिकारीको शीर्ष भूमिका रहेको फिल्म 'बोक्सीको घर'को ट्रेलर सार्वजनिक भएको छ । २ मिनेट ३० सेकेण्ड लामो ट्रेलरमा कथावस्तु, सेटिङ र चरित्र चित्रणबारे प्रकाश पारिएको छ । आइतबार राजधानीमा आयोजित ट्रेलर सार्वजनिक कार्यक्रममा केकी क्यारेक्टर लुक्समै उपस्थित थिइन् । वास्तविक घटनाक्रमलाई आधार बनाएर सुलक्षण भारतीले निर्देशन गरेको फिल्ममा कथित बोक्सीको भूमिकाका लागि केकीले जीवन्त अभिनय गरेकी छन् ।

आजको विचार...



राजनीतिक...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



अभिनेता राजेश हमालले दुई वटा टेलिभिजन शो सञ्चालन गर्ने भएका छन् । उनले टेलिभिजन शो 'सफलताको कथा' र 'यो नेपाली शिर उचाली' सञ्चालन गर्न लागेका हुन् । टेलिभिजन शो 'सफलताको कथा' नयाँ वर्षको अवसर पारेर वैशाख १ गतेबदेखि नेपाल टेलिभिजन र डिजिटल ओएसआर रियालिटीमार्फत प्रशारणमा आउने भएको छ । त्यस्तै 'यो नेपाली शिर उचाली' हिमालयन टेलिभिजनमार्फत छिट्टै प्रसारण हुनेछ बताइएको छ । 'यो नेपाली शिर उचाली'मा विश्वभर फैलिएका नेपालीहरुको सपना र संघर्षको वास्तविक कहानी देखाइने छ ।

❑ वर्ष २९ ❑ अंक २४९ ❑ २०८० चैत २६ गते सोमबार 8 April 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# प्रमुख भण्डारीको जन्मदिन सरसफाइकर्मीसँग गरे सम्मान, साटे खुसीयाली

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २५/जन्मदिन मनाउने चलन नेपालीमा अनिवार्य जस्तै बनेको छ । मनाउने तरिका पनि फरक-फरक छन् । धेरैले आफन्त र साथीभाइ बोलाएर पार्टी दिन्छन् भने कतिपयले त होटलमा नै पार्टी दिएर जन्मदिन मनाउने गर्छन् । पछिल्लो समय जन्मदिन खर्चालु पनि बन्दै गइरहेको छ । बालबालिकामा त वर्थ डे मनाउने होडबाजी नै चल्छ ।

सानादेखि ठूलासम्म सबैले खर्च गरेर जन्मदिन मनाउने गर्छन् । तर, पाल्पाको तानसेन नगरपालिका सरसफाइ शखाका प्रमुख तथा समाजप्रेमी शंकर भण्डारीले भने फरक तरिकाले जन्म दिन मनाएका छन् । उनले आइतबार ४० औं जन्मदिनको अवसरमा आफ्ना सरसफाइकर्मी कर्मचारीहरुसँग बसेर खुसीयाली साट्नुको साथै उनीहरुलाई दोसल्ला ओढाएर सम्मान समेत गरेका छन् ।



भण्डारीले आफु तल्लो वर्गका नागरिकसँग खुसीयाली साट्नुपर्छ भन्ने लागेर सरसफाइकर्मीसँग बसेर जन्मदिन मनाएको बताए । उनले भने 'गणतन्त्र भनेको उच्चतम व्यवस्था हो, यसमा किसानको छोराछोरी पनि देशको उच्च पदमा पुग्न सक्छन् तर अझै पनि तल्लो वर्गका नागरिकहरु खुसी हुन सकेका छैनन् । सधैं दुखै दुखमा जीउनु परिरहेको छ । कहिल्यै खुसी दिन सकिएको छैन । तिनै समुदायका व्यक्तिसँग खुसी साट्नकै लागि मैले जन्म दिन मनाएको हुँ ।' भण्डारीले तल्लो समुदायका नागरिकहरु खुसी हुँदा मात्र आफु खुसी हुन सक्ने बताए । उनले भने 'म जहिले पनि विपन्न, पिछडीएका र असहायहरुको उन्नती र खुसी भएको देख्न चाहन्छु, मेरो जीवनको आधा समय पनि उनीहरुकै हितमा समर्पित गरेको छु, त्यसैले पनि म मेरो जन्म दिनमा केक नकाटेर उनीहरुसँग बसेर खुसी साटेको हुँ ।' प्रमुख भण्डारीले तल्लो वर्ग आर्थिक रुपमा बलियो नहुँदासम्म स्थानीय सरकार बलियो बन्न नसक्ने भन्दै उनीहरुलाई आर्थिक रुपमा सक्षम बनाउन आवश्यक रहेको उल्लेख गरे । उनले सरसफाइकर्मीसँग खुसी साट्दै भने 'तपाईहरु जहिले आर्थिक रुपमा सक्षम हुनुहुन्छ त्यतिबेला म पनि सक्षम हुन्छु र केक काटेर वर्थ डे मनाउन्छु ।' भण्डारीले जन्म दिने आमालाई स्मरण गर्दै आफुले आमाले दिएको आर्शिवाद र प्रेरणाले नै आज यो अवस्थामा आइपुगेको बताए । उनले नगरपालिकामा कार्यरत सरसफाइकर्मीहरुका लागि आफुले सक्दो सहयोग गर्दै आएको उल्लेख गरे । प्रमुख भण्डारीले उनीहरु सबैलाई सम्मान व्यवहार गर्दै आएको समेत बताए । उनले कुनै पनि कर्मचारीलाई समस्या पर्दा आफु निरन्तर रुपमा लागेको समेत उल्लेख गरे । सरसरफाइ शाखामा कार्यरत १८ जना सरसफाइकर्मीहरुलाई अविर र दोसल्ला ओढाएर भण्डारीले सम्मान गरेका थिए । सम्मान पाएसँगै सरसफाइकर्मी लक्ष्मी दमाईले भण्डारीले आफुहरुलाई ठूलो सहयोग गरेको बताइन् । उनले भावुक हुँदै भनिन् 'शंकर सर आएपछि हामीलाई ठूलो राहत मिलेको छ । उहाँ सधैं हामीप्रति निकै चिन्तित हुनुहुन्छ ।' पहिले पहिले शनिरबार विदा पाउँदैन्थ्यौं, सर आएपछि भने हामीले शनिबार विदा पाउन थालेको उनको भनाई छ । अर्का सरसफाइकर्मी दलबहादुर बिकले बन्द भएको स्वास्थ्य बिमालाई सरको पहलमा पुन सुचारु हुँदा आफुहरुलाई सहज भएको बताए । जन्मदिन मनाउन फजुल खर्च गर्ने युवा पुस्तामाझ भण्डारी उदाहरणीय बनेका छन् । फजुल तथा देखावटी खर्च गर्ने प्रवृतिलाई तल्लो वर्गको खुसीका लागि लगाउँदा राम्रो हुन्छ भन्ने सन्देश दिन आफूले जन्मदिन मनाउने खर्चबाट सरसफाइकर्मीलाई सम्मान र उनीहरुसँग बसेर खाजा खाँदै खुसी साटेको भण्डारीले बताए । सरसफाइकर्मीहरुले आफुहरुप्रति भण्डारीले देखाएको सम्मानले खुसी लागेको बताएका छन् ।

## सक्षिप्त समाचार

### गोली चल्दा दुई जनाको मृत्यु, सात घाइते

(रासस/सिन्ह्वा)

**न्यूयोर्क,** चैत २५/संयुक्त राज्य अमेरिकाको फ्लोरिडा राज्यको उपनगर 'मियामीमा' गोली चल्दा दुई जनाको मृत्यु हुनुको साथै अन्य सात जना घाइते भएको स्थानीय कानून प्रवर्तन अधिकारीले बताएका छन् । मियामीको मनोरञ्जनस्थल सिटीप्लेस डोरालको बारमा बिहान सबेरै ग्राहकहरूबीच झगडा भएपछिसुरक्षा गार्ड, प्रहरी अधिकारी र बन्दुकधारीबीच गोली हानाहान भएको थियो । उक्त घटनामा बन्दुकधारी र सुरक्षा गार्डको मृत्यु भएको छ । डोराल शहरका एक प्रहरी अधिकारी र अन्य छ जनालाई गोली लागेको छ । घाइते प्रहरी अधिकारीलाई अस्पतालबाट डिस्चार्ज गरिएको छ भने दुई जनाको अवस्था गम्भीर रहेको बताइएको छ । डोराल प्रहरी र संघीय कानून प्रवर्तन विभागले सशस्त्र आक्रमणसम्बन्धमा अनुसन्धान भइरहेको सामाजिक सञ्जालमार्फत प्रहरीले जानकारी दिएको छ । अमेरिकी देशहरूमा बन्दुकबाट हुने मृत्युको संख्या सबैभन्दा धेरै रहेको छ । बन्दुक हिंसा अभिलेख अनुसार सन् २०२४ मा हालसम्म अमेरिकामा बन्दुक आक्रमणबाट चार हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने सात हजार ५०० भन्दा बढी घाइते भएका छन् ।


सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा
आज चैत २३ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र दैनिक २ शो **'बद्री बहादुर'** र १ शो चलचित्र **'महाजात्रा'** प्रदर्शन भइरहेको छ ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे नेपाली चलचित्र **'बद्री बहादुर'***
*कलाकारहरु (धिरेन शाक्य, पूजा शर्मा, सलोन बस्नेत, जयकिशन बस्नेत)*
*र तेश्रो सो साझ ५:३० बजे चलचित्र **'महाजात्रा'***
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९


## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

*डढेलोले,*

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

*त्यसैले,*

*वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# लुम्बिनीमा मुख्यमन्त्री महराले लिए शपथ, तीन जना बने मन्त्री

**बुटवल,** चैत २५/लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले पद तथा गोपनीयताको शपथ लिएका छन् । मुख्यमन्त्री महरालाई प्रदेश प्रमुख अमिक शेचरनले बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा शपथग्रहण गराए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का संसदीय दलका नेता समेत रहेका महरा शुक्रबार मुख्यमन्त्रीमा नियुक्त भएका थिए । प्रदेशसभामा रहेका पाँच राजनीतिक दलका ४७ र एक स्वतन्त्रसहित ४८ प्रदेशसभा सदस्य समर्थनमा प्रदेश प्रमुख शेरचनले महरालाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । प्रदेश प्रमुख शेरचनले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा महरालाई नियुक्त गरेका थिए । उनलाई आइतबार शपथ गराइएको हो । महराले शपथग्रहण गरेलगत्तै सानो आकारको मन्त्रीमण्डल समेत गठन गरेका छन् । उनले समर्थक दलहरुलाई समेटेर मन्त्रिपरिषद् विस्तार गरेका हुन् । मुख्यमन्त्री महराले सुरुवातमा एमालेका चेतनारायण आचार्य, माओवादी केन्द्रका दीपेन्द्र पुन र जसपाका भण्डारीलाल अहिरलेलाई मन्त्री बनाएका छन् ।




उनीहरुलाई मन्त्रालय भने दिइएको छैन । मुख्यमन्त्री महरालगत्तै तीनै जना मन्त्रीले पनि शपथ लिएका छन् । मन्त्रालयहरुको भागबण्डा टुंगो नलागेकाले मन्त्रीहरु बिना विभागीय बनेका हुन् । एमालेका आचार्य प्रदेश सभामा अर्घाखाँचीबाट दोस्रो कार्यकालका लागि निर्वाचित भएर तेस्रो पटक मन्त्री बनेका छन् । तयस्तै जसपाका भण्डारीलाल अहिरले बिहीबार मात्र कृषि तथा भुमि व्यवस्था मन्त्रीबाट राजीनामा दिएका थिए । मुख्यमन्त्री महरा यसअघि अर्थ मन्त्री बनेका थिए । उनी अहिले प्रदेश सरकारको पाँचौं मुख्यमन्त्री बनेका छन् । महरा विसं २०७९ मंसिरमा सम्पन्न संसदीय निर्वाचनमा रोल्पा क्षेत्र नं १ (१) बाट लुम्बिनी प्रदेश सभामा निर्वाचित भएका थिए । विसं २०६२ देखि २०६५ र २०७२ देखि २०७८ सम्म दुई पटक पार्टी अध्यक्ष पुष्पकमल दाहल 'प्रचण्ड'को प्रमुख स्वकीय सचिवको जिम्मेवारीमा काम गरेका महरा विसं २०७४ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख स्वकीय सचिवको जिम्मेवारीमा रहेर समेत काम गरिसेका छन् । केन्द्रमा आएको फेरबदलका कारण लुम्बिनीमा काँग्रेसका डिल्लीबहादुर चौधरीले बहुमत जुटाउन नसकेपछि गत बिहीबार राजीनामा दिएका थिए ।

केन्द्रमा नयाँ गठबन्धन बनेपछि उनी अल्पमतमा परेका थिए । बहुमत जुटाएर विश्वासको मत लिने प्रयास गरेका चौधरीले अन्ततः बहुमत नजुट्ने देखिएपछि अन्तिम समयमा राजीनामा दिन बाध्य भए थिए । अहिले लुम्बिनी प्रदेशमा १० मन्त्रालय छन् । सत्ता गठबन्धनका दलहरूले मन्त्रालय थप गर्ने गरी पनि छलफल गरिरहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लगानी सम्मेलनको सार्थकता

वैदेशिक लगानी भित्र्याउनका निम्ति सरकारले आयोजना गरेको लगानी सम्मेलनको मिति नजिकिँदै गएको छ । विदेशी लगानीकर्ता, उद्योगीलाई आकर्षित गर्न सरकारले बैशाख १६ र १७ गते राजधानी काठमाडौंमा लगानी सम्मेलन गर्दैछ । लगानी सम्मेलन गरेर आधिकारिक रुपमा नै नेपालमा विदेशी लगानी भित्राउने सरकारले तयारी गरेको छ । मुलुकको आर्थिक विकासका लागि महत्वपूर्ण मानिएको पुँजी एवं प्रविधि भित्र्याउन सो सम्मेलनले ठूलो आधार प्रदान गर्ने आशा गरिँदै छ । तर सो सम्मेलनमा धेरैको सहभागिता नहुने हो कि भन्ने चिन्ता सर्वत्र हुन थालेको छ । कति संख्यामा निम्तालुहरू सम्मेलनमा सहभागी होलान् त भन्ने प्रश्न आफैमा महत्वपूर्ण हुन्छ । तर, त्यसभन्दा बढी कति लगानीको प्रतिबद्धता आउँछ र आएका प्रतिबद्धतामध्ये कतिले मूर्तरुप लिन्छ भन्ने कुराले समेत महत्व राख्दछ । लगानीकर्ताहरूको सहभागिताले नेपालमा कुन हदसम्म लगानी हुन्छ भन्ने कुराको संकेत गर्दछ । यसअघिका सम्मेलनबाट प्राप्त प्रतिवद्धता अनुरूप लगानी नआउँदा लगानी सम्मेलनको औचित्य माथि नै प्रश्न उठ्ने गरेको छ । समस्याको पहिचान र समाधानका लागि आवश्यक काम नगरी लगानी सम्मेलन मात्र गर्दै जाँदा त्यसको उपलब्धि सरकारले कति लिन सक्ला ? लगानीको वातावरण तयार नभएको विज्ञहरूले नै औंल्याउँदै आएका छन् । लगानीमैत्री वातावरण निर्माणका लागि आवश्यक ऐन कानुनको संशोधन पहिलो कुरा हो । तर त्यो अहिलेसम्म पनि ऐन संशोधनको विधेयक पारित भई कार्यान्वयन हुन सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो ।

विगतलाई बेवास्ता गरेर पटक-पटक लगानी सम्मेलन गर्दा यसबाट लगानीकर्तामा नकारात्मक सन्देश प्रवाह हुनेतर्फ पनि सरकारले ध्यान दिएको देखिँदैन । छोटो समयको अन्तरालमा लगानी सम्मेलन गर्दा नेपालको अर्थव्यवस्था र सरकारले अपनाउँदै आएको आर्थिक नीतिमाथि नै शंका उत्पन्न हुन्छ । ठूलो परिमाणमा भित्रिइरहेको रेमिटेन्स उपयोग गर्न नसकिरहेको अवस्थामा लगानीका लागि विदेशी लगानीकर्ताको मात्रै मुख ताक्ने प्रवृत्ति पनि सही होइन । कतिपय ठूला परियोजनामा लगानी गर्न स्वदेशी लगानीकर्ता नै सक्षम छन् । स्वदेशी लगानीकर्तालाई बेवास्ता गरेर विदेशी लगानीकर्ता आकर्षित गर्ने उद्देश्यले आयोजना गरिने यस्तो लगानी सम्मेलनले स्वदेशी लगानीकर्तालाई उपेक्षा गरेको देखिन्छ । यसर्थ सम्मेलनले स्वदेशी लगानीकर्ताहरुलाई पनि उचित किसिमको लगाानी गर्ने वातावरण सिर्जना गरिदिन सक्ने हो भने मात्र लगानी सम्मेलनको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

बाहिरी कुराहरू हेरेर मान्छेलाई विचार नगर्नु किनकी, निस्वार्थ आत्माले भरिएको धनी हृदय, अक्सर पुरानो लुगा भित्र लुकेको हुन्छ !

*(शोभा पुनको फेसबुक स्टाटसबाट https://www.facebook.com//shova.pun)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक नेतृत्वमा नैतिकताको प्रश्न



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

**जनताको शाशन व्यवस्था मानिने गणतन्त्र र यसैको लागि दश वर्षे कहाली लाग्दो जनयुद्ध गरेको नेकपा माओवादी देशमा राजनीतिक अस्थिरमा उत्पन्न गराउनमा अग्रपंक्तिमा रहेको देखिन्छ भने अन्य दलहरु पनि सत्ता प्राप्ति र स्वार्थ परिपूर्तीका लागि नैतिकता क्रमशः गुमाउदै लगेको देखिन्छ । फरक-फरक शाशन व्यवस्था र फरक-फरक राजनीतिक दललाई विकास र दैनीकी सुधार हुने आशामा सत्ताको नेतृत्वमा पुऱ्याएका जनताले परिमाणमा निराशा मात्रै प्राप्त गरेको देखिन्छ । पछिल्लो समय त राजनीतिक दलहरु सत्ताको घिन लाग्दो खेलमा चुलुम्म डुब्ने गरी लागेका छन् । पछिल्लो १५ महिनामा नेकपा माओवादी र प्रचण्डको स्वार्थका कारण तीन बटा सरकारहरु परिवर्तन भैसकेको र देशमा राजनैतिक अस्थिरता मौलाउदै गएको देखिन्छ ।**

राजनीतिमा इमान, नैतिकता, सदाचार, पारदर्शिता, वचनमा पक्का लगायतका गुणको अपेक्षा राखिन्छ । तर, नेपालको पछिल्लो राजनीतिक परिदृश्य नियाल्ने हो भने अपवाद बाहेक धेरै जसो नेताहरुमा ति गुणहरु भेटाउन मुस्किल नै छ । हामी यी कुराको पुष्टाई गर्न धेरै पर जानुपर्दैन । चुनावको अवधिमा जनता र राष्ट्रलाई प्राथमिकतामा राखेर काम गर्ने भन्दै भाषण र घोषणा पत्रमा प्रतिवद्धता व्यक्त गर्ने नेपालका राजनीतिक दलका नेतृत्वहरुमा जब चुनाव सकिन्छ, ति वाचा बिर्सने गर्दछन् । चुनाव हारुन् वा जितुन् तर बोली, व्यवहार र कार्य शैलीलाई छेपारोले रङ्ग फेरे झै फेर्ने गरेको अनुभव र अनुभुति नेपाली जनताले गरेका छन् । हुन् पनि गणतान्त्रिक साशन व्यवस्थाको अभ्यास करीब दुई दशकको अवधिमा जनता र देशको सेवाका लागि राजनीति गरेका हौं, साशन सञ्चालन गरेका हौं भन्ने राजनीतिक दलका नेतृत्वले नैतिकता, इमान्दारीता र राजनीतिक संस्कार क्रमशः गुमाउदै गएको कुरामा दुईमत रहँदैन । राजनैतिक नेतृत्वले आफ्नो नैतिकता र इमान्दारिता मात्रै होइन जनताबाट पाउने सहानुभूति, साथ, आस्था र विश्वास पनि यहि कारण गुमाउदै गएको देखिन्छ । जसको कारण राजनीतिक दल, तीनका नेतृत्व प्रति आम जनतामा निराशा, असन्तुष्टि तथा आलोचना व्यक्त गर्ने गरेको देखिन्छ । किन नेपालको राजनीतिक नेतृत्व र राजनैतिक दलमा पछिल्लो समय उनीहरुको नैतिकता माथि प्रश्न उत्पन्न भै रहेको होला ? यीनै विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

पुरा विश्व, देश, समाज तथा घरपरिवार एक अर्काको नैतिकता र विश्वासमा अडिएको छ । नैतिकताले नीति र सिद्धान्तलाई जोड दिने गर्दछ । तर आज भोली विशेष गरेर नेपालको राजनीतिक नेतृत्वले भाषणमा चर्को रुपमा नैतिकता र नैतिक शिक्षाको कुरा गरेता पनि व्यवहार भने यस विपरित गरेको देखिन्छ । जनताको साशन व्यवस्था मानिने गणतन्त्र र यसैको लागि दश वर्षे कहाली लाग्दो जनयुद्ध गरेको नेकपा माओवादी देशमा राजनीतिक अस्थिरमा उत्पन्न गराउनमा अग्रपंक्तिमा रहेको देखिन्छ भने अन्य दलहरु पनि सत्ता प्राप्ति र स्वार्थ परिपूर्तीका लागि नैतिकता क्रमशः गुमाउदै लगेको देखिन्छ । फरक-फरक साशन व्यवस्था र फरक-फरक राजनीतिक दललाई विकास र दैनीकी सुधार हुने आशामा सत्ताको नेतृत्वमा पुऱ्याएका जनताले परिमाणमा निराशा मात्रै प्राप्त गरेको देखिन्छ । पछिल्लो समय त राजनीतिक दलहरु सत्ताको घिन लाग्दो खेलमा चुलुम्म डुब्ने गरी लागेका छन् । पछिल्लो १५ महिनामा नेकपा माओवादी र प्रचण्डको स्वार्थका कारण तीन बटा सरकारहरु परिवर्तन भैसकेको र देशमा राजनैतिक अस्थिरता मौलाउदै गएको देखिन्छ । देश र जनताका लागि जनयुद्ध लडेको र गणतन्त्र पछिका उपलब्धिलाई आफ्नै कारण प्राप्त भएको भन्ने प्रचण्डबाट नै राजनैतिक अस्थिरता र नैतिकता गुमाउने कार्यमा अग्रपंक्तिमा आउने गरेको देखिन्छ । यस कार्यमा पुराना राजनैतिक दल काम छैनन् भन्दै खुलेका नयाँ दल पनि झनै अगाडि आएको देखिन्छ । जसमा विकास र सुशासनको चर्को नारा लगाउने राष्ट्रिय स्वतन्त्र पार्टी र तीनका अध्यक्ष अगाडि नै देखिनुले जनता भन्दै छन् नयाँ भन्नेहरु पनि नयाँ बोतलको पुरानो रक्सी जस्तै रहेछन् ।

**किन नैतिकता गुमाउँदैछन् त राजनीतिक दलहरु ?**

पुराना र आफुलाई स्थापित राजनैतिक दल र नेतृत्व भन्नेका त कुरै नगरौं । आफुलाई विशिष्ट राजनीतिक दलको नेता मान्य, फरक शैलीको दलको नेता मान्यहरु पनि स्थापनाको छोटो समयमै राजनैतिक नैतिकता र संस्कार गुमाउने र राजनैतिक अस्थिरता ल्याउने कार्यमा अग्रपक्तिमा रहेको देखिन्छ । किन राजनैतिक दलका नेतृत्वहरु नैतिकता र जनताबाट विश्वास र आस्था गुमाउदैछन् । यहाँ केहि पक्षलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

**विगतको भ्रष्टाचार र बेथितिबाट बचन :**

पछिल्लो समय नयाँ पुराना राजनीतिक दलहरु सत्ताबाट बाहिर बस्न नै नसक्ने अवस्थामा पुगेको देखिन्छ । सत्ता प्राप्तिका लागि जुनसुकै किसिमको हर्कत गर्न पनि पछि नपर्ने गरेको देखिन्छ । उनीहरु नैतिकता र इमान्दारीता गुमाउँदै सत्ता प्राप्ति र सत्ताबाट बाहिर जान नपर्नै खेलमा लागि रहेको देखिन्छ । यसको एउटा कारण हो हरेक दलका मुख्य नेतृत्वले कुनै न कुनै भ्रष्टाचार र बेथितिको कार्य गरेको र सत्ता बाहिर हुने बित्तिकै सरकारको कारवाहीमा परिने, छानविन हुने, राजनीति समाप्त हुने, जेल जानुपर्ने डर र त्रास यिनीहरुमा भरिएको छ । यसका साथै यस्तै कार्यमा संलग्न भएका आफ्ना नजिकका आसेपासे, डन, चम्चेलाई बचाउनका लागि पनि नैतिकता र इमान्दारिता गुमाउदै सरकार र शक्तिमा जानुपर्ने, बस्नु पर्ने उनीहरुको मुख्य उद्देश्य देखिन्छ ।

**चुनावी खर्च व्यवस्थापनको आधार :**

पछिल्लो समय राजनैतिक दलहरुले चुनाव परिणामलाई आफ्नो पक्षमा पार्नका लागि जस्तो सुकै हर्कत गर्न पनि पछि नपर्ने गरेको सुनिन्छ, देखिन्छ । यसका लागि करोडौ रकम खर्च गर्ने गरेको पाईन्छ । यसरी गरिएको खर्च उठाउने आधार सरकार रहेको र सरकारमा जाने, मन्त्री हुने विभिन्न गैर कानुनी क्रियाकलाहरु गरेर रकम जम्मा गर्नका लागि नै जस्तोसुकै नैतिकता गुमाएर, लाज पचाएर गठबन्धन बनाउने, फेर्ने गरेको देखिन्छ । एउटै उद्देश्य जनताको दैनिकी र जीवनस्तर सुधारको लागि नभएर पार्टी र आफ्नो लागि आगामी चुनाव खर्च जुटाउनु रहेको देखिन्छ ।

**बजेटको दुरुपयोग गर्न पाईने :**

नैतिकता गुमाउादै, जनताका बीचमा अलोप्रीय भएता पनि जुनसुकै कार्य र हर्कत गर्न पछि नपर्ने हाम्रा राजनैतिक दलका नेतृत्व भएको देखिन्छ । यसका लागि उनीहरुको पहिलो प्राथमिकता सरकार नै देखिन्छ । सरकारमा रहे पछि सरकारको बजेटलाई आफ्नो निजी जस्तै गरी प्रयोग गर्न पाईन्छ । रातारात बजेटका शिर्षक र कार्यक्रमलाई परिवर्तन गर्न पाईन्छ । असमानुपातिक वितरण गर्दै बजेटको ठूलो अंश आफ्नो क्षेत्र, जिल्लामा लैजान पाईन्छ । कमिशन, आर्थिक प्रलोभनमा करका दरहरुमा, आर्थिक नीतिमा कुनै अदृश्य स्वार्थ समूहको उद्देश्य अनुरुप परिवर्तन गर्न पाइन्छ । यहि स्वार्थका कारण राजनैतिक दल र तीनका नेतृत्वले नैतिकता गुमाउदै गएको देखिन्छ ।

**पद र शक्तिको दुरुपयोग :**

पछिल्लो समय राजनीतिक दलले सरकारलाई शक्ति प्राप्तिको स्रोतको रुपमा प्रयोग गर्दै, प्राथमिकता राख्ने गरेको पाइन्छ । आसेपासेलाई विभिन्न क्षेत्रहरुमा नियुक्ति गर्न पाइने । देश भित्र र बाहिर राज्यको स्रोतको दोहन गर्दै भ्रमण गर्न पाईने । जता गयो त्यतै सत्ताको आडमा सम्मान पाईने । सरकारलाई शक्ति र आसेपासेलाई अगाडि पछाडी लिएर हिड्ने, राज्यका अंगहरुको दुरुपयोग गर्न पाईने आदि कारणले नैतिकता र राजनैतिक संस्कार गुमाउँदै सत्तामा रहिरहने, सत्तामा पुग्नै पर्ने धारणा विकास भएको देखिन्छ ।

**आन्तरिक तथा बाह्य शक्तिमा परिचालित :**

नेपाली राजनैतिक नेतृत्वले नैतिकता गुमाउदै जानुको कारणको रुपमा कुनै अदृश्य शक्तिबाट परिचालित, आदेशपालक हुनु पनि रहेको छ । पछिल्लो समय राज्यका हरेक निकाय, सरकारहरुमा आन्तरिक तथा बाह्य स्वार्थ समूहको हस्तक्षेप बढ्दै गएको र राजनीतिक नेतृत्व सत्तामा पुग्न र रहिरहन पालकको रुपमा उपस्थित भएको देखिन्छ । कार्यबाट जनतामा लोकप्रियता गुमोस् तर सिमित वर्गलाई खुशी पार्नका लागि जस्तो सुकै आघात पर्ने खालको काम गर्न र निर्णय गर्न पछि परेको देखिदैन् ।

**गुटको स्वार्थ परिपूर्तीका लागि :**

एउटै राजनीतिक दलभित्रका विभिन्न गुटको स्वार्थ र उद्देश्य अनुरुपका सल्लाहलाई आत्मसाथ गर्दा नेपाली राजनीतिक दलका नेतृत्वले नैतिकता र राजनीतिक संस्कारलाई गुमाउदै सरकार परिवर्तन गर्ने, सत्तामा रहिरने, सत्तामा पुग्ने जस्ता कार्यहरु गरेको देखिन्छ ।

**निष्कर्ष :**

नेपालका राजनैतिक दलका नेतृत्वमा नैतिकता गुमाउँदै जानुले सत्तामा पुग्ने र सत्तामा रहिरहेन पक्षलाई लिन सकिन्छ भने यसको कारणको रुपमा देश र जनता प्राथमिकतामा नपर्नुलाई अग्रपत्तिमा राख्न सकिन्छ । राजनीतिमा सिद्धान्त, नैतिकता र राजनैतिक संस्कार भएन भने तत्काल क्षणिक लाभ प्राप्त भएतापनि दिर्घकालमा भने आफैलाई समाप्त पार्ने भएकोले क्षणिक स्वार्थ परिपूर्तीका लागि जस्तोसुकै अनैतिक कार्य र इमान्दारीताको व्यापार गर्ने प्रवृत्ति आजैबाट राजनैतिक नेतृत्वले हटाउनु पर्ने जरुरी देखिन्छ । यसो भएमा राजनैतिक स्थिरता र स्थिर सरकार जनताले देख्न पाउने थिए की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताले अवसर दिलाउनेछ। विश्वास गरेकाले साथ पनि दिनेछन् । | **तुला** : प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । |
| **बृष** : मनमा दुबिधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । | **बृश्चिक** : धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |
| **मिथुन** : मनमा उत्साहका हुनेछ । लगनशीलताले काम अगाडि बढ्नेछन् । | **धनु** : विद्यामा सफलता पाइएला । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **कर्कट** : चिताएको कामले तीव्रता लिनेछ। वित्तिय संस्थाबाट सहयोग पाइएला । | **मकर** : लगानीको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । |
| **सिंह** : आफन्तको सहयोग प्राप्त हुनेछ । सामाजिक प्रतिष्ठा मिल्नेछ । | **कुम्भ** : कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट विशेष लाभ हुने देखिन्छ । |
| **कन्या** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । | **मीन** : साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । प्राविधिक काम पूरा हुनेछन् । |



# पाठ्यपुस्तक समयमै पुग्दा नतिजा सुधारोन्मुख




केदारस्यूँ गाउँपालिका चैनपुर (बझाङ)को जनचेतना आधारभूत विद्यालय देउरामा अहिले कक्षा छ मा पढ्छिन, अङ्किता दमाई । विगतका वर्षमा मुस्किलले पास हुने उनी यसपटक भने कक्षामा उत्कृष्ट अंक ल्याउन सफल भइन । पाठ्यपुस्तक अभाव र मेहेनत नहुँदा खस्केको उनको पढाइ यस वर्ष भने राम्रो हुँदा उनका परिवार पनि दङ्ग छन् । “उसको पढ्ने रहर त थियो । तर, पढ्नलाई किताबै पाइँदैन थिए”, उनकी दिदी सिर्जनाले भनिन्, “पुराना किताब आधा च्यातिसकेका हुन्थे । घरमा पनि खासै पढाइमा कसैले सघाउँदैन थिए । बहिनीको नतिजा पनि गतिलो हुँदैन थियो ।” गत वर्ष पाँच कक्षामा भर्ना गर्न जाँदा नयाँ किताब पाएपछि भने बहिनीको पढ्ने बानी पनि विकास भएको र वार्षिक परीक्षामा उत्कृष्ट नतिजा आएको सिर्जनाले सुनाइन् । सोही विद्यालयका तेजेन्द्र भण्डारी चार कक्षामा पढ्ने बेलामा एउटा किताब त फागुनमा मात्रै पुगेको थियो ।

“फागुनमा किताब पढेर चैतमा जाँच दिएर कसरी पास हुनु ? निकै मुस्किल हुन्थ्यो । मेरो मात्रै नभई अरू विद्यार्थीले पनि खासै पढ्न पाउँदैन थिए । यस पटक सबैले राम्रो अंक ल्याएर पास भएका छन्”, उनले भने । वित्थडचिर गाउँपालिकाको केदार माविमा पढ्ने विनोद बोहरा विद्यालयमा राम्रो विद्यार्थीका रुपमा चिनिन्छन् । गत वर्ष भर्नासँगै पुस्तक पाएपछि भने झन् उनले मेहेनत बढाए । “विगतका कक्षामा किताब पाउन त मुस्किल हुन्थ्यो । सरहरूले पनि किताब नआएको भन्दै पढाउन हेलचक्र्याँई गर्नुहुन्थ्यो”, उनले भने, “आधा कोर्स पढाइ नहुँदै वार्षिक परीक्षा हुन्थ्यो । अहिले भने सबै पढाइ हुन्छ । विद्यार्थीहरू पनि राम्रो नम्बर ल्याएर पास हुन्छन् ।” बोहराको जस्तै अनुभव छ, सोही विद्यालयमा अध्ययनर कल्पना ढाँटको पनि । उनले भने, “सरकारले किताब दिएको छ, सरहरूले खुसी भएर पढाइरहनुभएको छ । विभिन्न संघ संस्थाले सहयोग गरिरहेका छन् । केही अपुग भए पनि हामी गुनासो गर्छौं । समस्या समाधान हुन्छ ।” जिल्लाकै बढी विद्यार्थी हुने मध्येको केदार माविमा यसपटक नतिजा राम्रो आएको उनले सुनाए । शैक्षिक सत्रसँगै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण भएकाले नतिजा सुधारोन्मुख भएको शिक्षा विकास तथा समन्वय इकाई बझाङको भनाइ छ । इकाईका सूचना अधिकारी वसन्तबहादुर सिंहका अनुसार विद्यार्थीको नतिजाको तथ्याङ्क यकिन नभए पनि नतिजा फेरिएको छ । पाठ्यपुस्तक समयमै विद्यार्थीले पाउँदा वर्षभरिमा पढाइ पनि हुने ज्ञान पनि हासिल गर्ने उनले बताए ।

गत शैक्षिक सत्र २०८० को वैशाखमा विद्यार्थी भर्नासँगै हात-हातमा पाठ्यपुस्तक वितरण गरेका सामुदायिक विद्यालयले यस वर्ष पनि भर्नासँगै पाठ्यपुस्तक वितरण गर्ने तयारी गरिरहेका छन् । कतिपय विद्यालयले आवश्यकता अनुसार चैत महिनामै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याइसकेका छन् भने कतिले ल्याउने तयारी गरिरहेका छन् । खप्तडछान्ना गाउँपालिकाको शिक्षा शाखा प्रमुख हरिप्रसाद सोतीका अनुसार जम्मा विद्यार्थी संख्याको ७५ प्रतिशत पुग्ने गरी पाठ्यपुस्तकका लागि विद्यालयलाई भुक्तानी भइसकेको छ । “सोही अनुसार विद्यालयले पाठ्यपुस्तक ल्याउँछन्” उनले भने, “नतिजापछि विद्यार्थीहरू घटबढ हुन सक्छन् भनेर अहिले ७५ प्रतिशत पाठ्यपुस्तक ल्याउन विद्यालयलाई भनेका छौँ । बढी ल्याउँदा पछि खेर जान पनि सक्छन् । बरू छुटेको खण्डमा फेरि पुस्तक ल्याउन विद्यालयलाई भुक्तानी गरिदिन्छौँ ।” जनक शिक्षा सामग्री केन्द्रका आधिकारिक बिक्रेता रहेका पुस्तक पसलहरूले पुस्तकहरू धमाधम ढुवानी गरिरहेको शिक्षा विकास तथा समन्वय विकास इकाइले जनाएको छ । इकाइका अनुसार जिल्लाका सबै सामुदायिक विद्यालयबाट सबै विद्यार्थीले नयाँ पुस्तक पाउनेछन् । ***-रासस***

# पुस्तक बिक्रीबाट प्राप्त रकमबाट देशैभर छात्रवृत्ति



मुटुरोग विशेषज्ञ डा.ओम मूर्ति अनिलद्वारा लिखित ‘जीवन्त सम्बन्ध’ बिक्रीबाट प्राप्त रकम देशका ७७ वटै जिल्लाका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने भएको छ । ‘डा ओम फाउण्डेशन’ द्वारा आज जारी विज्ञप्तिमा वर्ष २०८० को चर्चित पुस्तकमध्ये एक ‘जीवन्त सम्बन्ध’को बिक्रीबाट प्राप्त हुने सम्पूर्ण रकम लेखकले स्वास्थ्य, शिक्षा र सामाजिक रूपान्तरणमा खर्च गर्ने क्रममा शैक्षिक सत्र २०८१ मा छात्रवृत्ति प्रदान गरिने भएको छ ।

पुस्तक बजारमा आएको छ महिनाको अवधिभित्र २० हजार प्रतिभन्दा बढी बिक्री भइसकेको फाउण्डेशनले जनाएको छ । गत असोज ६ गतेदेखि बजार उपलब्ध पुस्तक विमोचनपूर्व नै प्रिबुकिङ भएको थियो भने स्वदेश तथा विदेशबाट दिनहुँ माग भइरहेको बताइएको छ । पुस्तक देशभरिकै अधिकांश पुस्तक पसलहरु र भाटभटेनी सुपरमार्केटका देशभरिकै स्टोरमा उपलब्ध रहेको छ भने समीक्षा पब्लिकेसन्स्लगायत विभिन्न अनलाइन प्लेटफर्म र वितरकमार्फत पाठकसमक्ष पुऱ्याइँदै आएको छ । पाठकहरूद्वारा अत्यधिक रुचाएको पुस्तकहरूको सूचीमा यस वर्ष मुटुरोग विशेषज्ञ डा. ओम मूर्ति अनिलद्वारा लिखित ‘जीवन्त सम्बन्ध’ पर्न सफल भएको छ । पाठक प्रतिक्रिया र समीक्षकहरूको प्रशंसासँगै छोटो समयमा पुस्तकको उच्च बिक्रीले जीवन्त सम्बन्ध पुस्तक पाठकको रुचीमा पर्न सफल भएको हो ।

पाठकको उत्साहजनक सहभागिता र माग बढिरहेको फाउन्डेसनले छिट्टै पुनः संस्करण ल्याउने तयारी गरेको छ । ५३ वटा खण्डलाई २३१ पृष्ठमा समेटिएको ‘जीवन्त सम्बन्ध’ पुस्तक कुल २४० पृष्ठको रहेको छ । यस पुस्तकले विशेषगरी बुबा-आमा र सन्तानबीचको सम्बन्धलाई मिहीन ढङ्गबाट केलाइएको छ । लेखकले आफ्नो जीवन भोगाइ, अनुभव र ज्ञानलाई रचनात्मक तरिकाले पुस्तकमा समाविष्ट गरेको हुँदा सबैलाई आफ्नै कथाव्यथा जस्तो लाग्ने भएकालाई पुस्तकले पाठकको मन जित्न सफल भएको समीक्षकहरूको भनाइ छ ।

त्यस्तै बदलिँदो नेपाली समाजमा खड्किदै गएको सम्बन्धको महत्वलाई पुस्तकमा सुन्दर तरिकाले प्रस्तुत गरिएको छ । सामाजिक रूपान्तरणका निम्ति बलियो आधार बन्ने ‘जीवन्त सम्बन्ध’ पुस्तकका हरेक खण्डले मानिसलाई आफ्नो दायित्वबारे बुझाउन मद्दत गर्नेछ । विशेषगरी लेखकले ‘म’ पात्रमार्फत बुवासँगको सम्बन्धलाई प्रतिनिधिमूलक घटनाका रूपमा दर्शाउँदै नेपाली समाजको विम्ब प्रस्तुत गरेका छन् । ***-रासस***

# निजी शिक्षालयबाट तपाईं पनि लुटिनुभएको त छैन ?

**धनबहादुर पुरी**

***नयाँ संविधान जारी भएसँगै संघीयताको अभ्यास गरिरहेको नेपालमा शैक्षिक क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता देखिन्छ । तर यस्तो सुधारको नेतृत्व लिनुपर्ने राजनीतिक नेतृत्व नै शिक्षालयमा राजनीतीकरणको चरम अभ्यासमा छन् जसले सुधार होइन, शैक्षिक विकृतिलाई बढाइरहेको छ । यसलाई कसले सुधार्ने ? कि कोही नायक पर्खिने ? त्यसो होइन, यो दायित्व अब हरेक नागरिकको पनि हो । अब हरेक नागरिकले यसरी इमानदारीपूर्वक नसोच्ने हो भने धेरै ढिला भइसकेको हुनेछ । यद्यपि यस्तो संकेत अझै हाम्रो समाजमा देखिदैन । हामी नागरिकको चेतनाको स्तर त्यो तहमा उठिसकेको पाइन्न । नयाँ संघीय संरचना अनुसार स्थानीय तहलाई अझ बढी अधिकार दिइएको सन्दर्भमा नेतृत्वले आफ्नो काम र क्षमता इमानदारीपूर्वक देखाउने बेला आएको छ ।***

नेपालमा हुनेखानेहरू निजी स्कुलमा, गरिबहरू सरकारी विद्यालयमा भनेर एकप्रकारको कित्ताकाट देखिन्छ । शिक्षामा देखिएको यो विभेदले समाजमा दुइटा वर्ग जन्माइरहेको छ । समाजवाद उन्मुख संविधानको कार्यान्वयन गरिरहेको समाजवादी दलहरूको भीड भएको देशमा शिक्षा जस्तो अति महत्वपूर्ण क्षेत्रमा राज्यको भूमिका एकदमै कमजोर बन्दै गइरहेको छ । पढाइ राम्रो हुँदैन भन्ने हल्लाले अधिकांश सरकारी विद्यालयमा विद्यार्थीको खडेरी देखिन्छ । अभिभावक खाईनखाई आफ्ना सन्तानलाई निजीमा पढाउनै पर्ने मानसिक/सामाजिक दबाबमा देखिन्छन् । नयाँ संविधान जारी भएसँगै संघीयताको अभ्यास गरिरहेको नेपालमा शैक्षिक क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता देखिन्छ । तर यस्तो सुधारको नेतृत्व लिनुपर्ने राजनीतिक नेतृत्व नै शिक्षालयमा राजनीतीकरणको चरम अभ्यासमा छन् जसले सुधार होइन, शैक्षिक विकृतिलाई बढाइरहेको छ । यसलाई कसले सुधार्ने ? कि कोही नायक पर्खिने ? त्यसो होइन, यो दायित्व अब हरेक नागरिकको पनि हो । अब हरेक नागरिकले यसरी इमानदारीपूर्वक नसोच्ने हो भने धेरै ढिला भइसकेको हुनेछ । यद्यपि यस्तो संकेत अझै हाम्रो समाजमा देखिँदैन । हामी नागरिकको चेतनाको स्तर त्यो तहमा उठिसकेको पाइन्न । नयाँ संघीय संरचना अनुसार स्थानीय तहलाई अझ बढी अधिकार दिइएको सन्दर्भमा नेतृत्वले आफ्नो काम र क्षमता इमानदारीपूर्वक देखाउने बेला आएको छ । नेतृत्वको कामको सही मूल्याङ्कन गरी जनताले सक्षमलाई समर्थन र गलतलाई बहिष्कार गरेमा मात्र हाम्रो समाज र देशको विकास प्रगतिपथमा अघि बढ्छ ।

अब हामीले सीपमूलक र व्यावहारिक शिक्षामा पनि ध्यान दिनुपर्छ । व्यावहारिक शिक्षाको अभावमा हाम्रा शिक्षालयहरू शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखानामा रूपान्तरण भइरहेका छन् । लाखौं युवा विदेश जाने लहर बढिरहेकै छ । विदेश पनि सीप सहित जाँदा सम्मानजनक र उचित श्रमको मूल्य पाउनेथिए । सीप हुँदा देशमै पनि स्वरोजगार बन्ने वा रोजगार बन्ने अवसर बन्न सक्थ्यो । हामी सबै नयाँ शैक्षिक सत्रको नजिक छौं । यो समय निजी विद्यालयले उठाउने अस्वाभाविक शुल्कप्रति प्रायः जनप्रतिनिधि र नेतृत्व तैं चुप मैं चुपको अवस्थामा देखिन्छन् । यो हप्ता इटहरीमा एउटा विषय चर्चामा रह्यो । अब जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरूले आफ्ना सन्तानलाई अनिवार्य सरकारी स्कूलमा पढाउनुपर्ने बाध्यकारी नियमको खाँचो छ भन्ने विषयमा गरमागरम बहस भयो । योसँगै आफ्नो नगरभरी निजी र सरकारी विद्यालयहरूमा एउटै पोशाक लागू गर्ने, वार्षिक शुल्क र अन्य शुल्क लिन नपाउने, किताब-कापीदेखि पोशाकसम्म विद्यालय आफैंले बेच्न नपाउने लगायतको निर्णय गऱ्यो । यो निर्णय विरुद्ध निजी विद्यालय सञ्चालकहरू उच्च अदालत पुगे तर अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरिदियो । यसले के देखाउँछ भने निजी विद्यालय सञ्चालकहरू स्थानीय सरकारलाई टेरिहाल्ने पक्षमा देखिएनन् । साथै, स्थानीय तहले पनि चाहँदा केही परिवर्तन गर्न सक्छ भन्ने यो राम्रो उदाहरण हो । म आफू स्कुल पढ्दा नयाँ शैक्षिक शत्र सुरु हुनु अगावै आफूभन्दा माथिल्लो कक्षाका दाइ-दिदीहरूको किताब मागिन्थ्यो । साना भाइबहिनीलाई आफ्ना गाता हालेर सुरक्षित राखेका किताब दिइन्थ्यो । तर अहिले त्यस्तो अभ्यास बाँकी छैन । हाम्रो अभ्यास र शैक्षिक प्रणालीले नै यस्ता अभ्यासलाई उत्प्रेरित गर्दैन । अहिले त शैक्षिक संस्थाभित्र किताबको अवैध व्यापार भइरहेको छ । एकप्रकारले शैक्षिक सामग्रीमा कमिसन र लुटको धन्दा मौलाइरहेको छ । अहिले निजी विद्यालयले वर्षेनि पुस्तक प्रकाशक फेर्छन् र अभिभावकलाई मूर्ख बनाइरहेका छन् । यी सबै कदमको आर्थिक भार अभिभावक माथि परिरहेको छ । एक पटक छापिएको पुस्तक गुणस्तरीय भए ८ वर्षसम्म टिक्छ । एक कक्षाको विद्यार्थीले पढेको पुस्तक फेरि अर्को वर्ष सोही कक्षाको अर्को विद्यार्थीले पढ्न सक्छ । कमिसनको चक्करमा वर्षेनि नयाँ पुस्तक किन्न बाध्य बनाइएको छ तर यो विषयमा कोही पनि बोल्न सकिएका छैनन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पाठ्यक्रम विकास केन्द्रका अनुसार १० वर्षसम्म पाठ्यक्रम फेरिंदैन । पाठ्यक्रम उही भए पनि कतिपय निजी विद्यालयले प्रकाशक र कभर फेरेर बढी मोल असुल्ने धन्दा चलाइरहेका छन् । यो सबै गतिविधि टुलुटुलु हेरेर बसिरहेका छन् सरोकारवाला निकायहरू । एकपटक भर्ना भइसकेका विद्यार्थीबाट वर्षेनि भर्ना शुल्क उठाएर अभिभावकबाट चन्दा असुली गरिरहेका शिक्षालयहरू । न अभिभावक बोल्न सकेका छन् न सरोकारवाला निकायहरू । निजी विद्यालयहरु शैक्षिक पोशाक व्यापारीमा बदलिन थालेका छन् । मासिक शुल्कमा के के थपिन्छन् के के । शिक्षामा चरम व्यापारीकरण, बेथिति छ । एउटै मुलुक, एउटै शिक्षा नीति तर कार्यक्रम र कार्यान्वयन फरक-फरक । शिक्षा ऐन, नियमले गरेका शिक्षा सम्बन्धी व्यवस्था सामुदायिक (सरकारी) विद्यालयका लागि मात्र लागू भएका छन् । संस्थागत विद्यालयले बेवास्ता गरेको देखिन्छ । निजी विद्यालयले शुल्क निर्धारणका लागि शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिनाअघि शिक्षा विकास एकाइमा प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था शिक्षा नियमावली २०५९, नियम १४७ उपनियम २ ले गरेको छ ।

उक्त प्रस्ताव स्वीकृत भएपछि मात्र शिक्षा नियमावली अनुसूची २२ अनुसार वर्गीकरण भई क, ख, ग र घ श्रेणीका आधारमा अनुसूची २२ ‘ख’ अनुसार शुल्क लिन पाइन्छ । श्रेणी अनुसार लिन पाइने शिक्षण तथा अन्य शुल्क फरक-फरक हुने व्यवस्था छ । यसरी शुल्क लिने विद्यालयले आफ्नो श्रेणी अनुसार तोकिएको संख्यामा विद्यार्थीलाई छात्रवृत्ति र निःशुल्क शिक्षा पनि दिएको हुनुपर्छ तर यसो गरेको देखिँदैन । शिक्षा नियमावलीको नियम १४७ उपनियम ३ अनुसार मासिक पढाइ शुल्क बराबर रकम मात्र धरौटी लिन पाउने व्यवस्था छ तर यस्ता विद्यालयले आफूखुसी लिने गरेका छन् । यस्तै मर्मत, सम्भार वा अन्य भौतिक संरचना निर्माणका लागि कुनै रकम लिन नपाइने नियम छ तर पुस्तकालय, प्राथमिक उपचार, ट्युसन, शैक्षिक सामग्री, खेलकुद, छात्रवृत्ति कोष, कम्प्युटर लगायत विभिन्न बहानामा लाखौं रकम उठाएर निजी विद्यालयले सरकार र कानुन दुवैको धज्जी उडाइरहेका छन् । यसैबीच संघीय शिक्षा ऐन तथा नियामवली सँगै इटहरी उपमहानगरपालिकाले आफ्नै नियम बनाएर निजी विद्यालयलाई नियमन गर्ने प्रयत्न गरेको छ । यो निर्णय सरासर अभिभावकको पक्षमा छ । निजी विद्यालयले लिने मनपरी शुल्क मात्र होइन, त्यहाँ प्रयोगमा आउने पाठ्यपुस्तक, सन्दर्भ सामग्री समेतका विषय देशभर बहसको विषय बन्नुपर्छ । पाठ्यपुस्तकदेखि पोशाकसम्म विद्यालयले तोकेका स्थानबाटै किन्नुपर्ने बाध्यतामा अभिभावक रहँदै आएको भन्दै यो वर्षबाट इटहरीमा यी सबै बाध्यताको अन्त्य हुने भएपछि अभिभावकलाई राहत मिल्ने पक्का छ । तर, निजी स्कुल सञ्चालकहरू अझै पनि नियम विपरीत शुल्क लिन पाउनुपर्छ भन्दै यसको पक्षमा आफ्नो शक्ति लगाइरहेका छन् । तर कानुन विपरीत यस्ता नाजायज विषयमा लाग्दा अभिभावक र जनताले कुरी-कुरी गरिरहेका छन् । मुलुक संघीय व्यवस्थामा प्रवेश गरेसँगै माध्यमिक तहसम्म शिक्षाको जिम्मेवारी संविधानको धारा ५७ (४) तथा अनुसूची ८ ले स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) २ ले संस्थागत र सामुदायिक विद्यालय खोल्ने, अनुमति दिनेदेखि व्यवस्थापन तथा शुल्क निर्धारण, अनुगमनसम्म सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ ।

विगतमा सरकारले शुल्कको सिलिङ तोके पनि निजी विद्यालयले भने आफूखुसी अभिभावकलाई बिल थमाउने गरेका थिए । यो प्रवृत्ति अहिले पनि यथावत् छ । आज पनि अभिभावक निजी विद्यालय सञ्चालकका दुहुना गाई हुन बाध्य छन् । अब कम्तीमा सरकारले ऐनको उक्त दफा कार्यान्वयन गरे निजी विद्यालयको मनपरीतन्त्र हट्ने देखिन्छ । जसका कारण त्यहाँ कार्यरत कर्मचारी र शिक्षकहरूलाई समेत राहत मिल्नेछ । किनकि निजी विद्यालयका शिक्षक/ शिक्षिकाहरूले पनि अनिवार्य सरकारले तोकेको मापदण्ड अनुसार तलब पाउनुपर्छ ।

***-अनलाइन खबर डटकम***

